प्रदेश सरकार

लुम्बिनी प्रदेश

सामाजिक विकास मन्त्रालय

शिक्षा तथा सामाजिक विकास निर्देशनालय

# सामाजिक विकास डिभिजन कार्यालय

गजेहडा, कपिलवस्तु

प.सं. :- २०७७/०७८

च.नं. :- ६८

## सीपमूलक तालिम संचालनका लागि संस्था सुचिकृत गर्ने आशयपत्र माग सम्बन्धी सूचना

**( प्रथम पटक प्रकाशित मिति २०७७ /०८ /१८ )**

यस कार्यालयले आ.व. २०७७/०७८ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार विभिन्न विषयको व्यवसायिक तथा सीपमूलक तालिम प्रदान गर्नु पर्ने भएको हुंदा इच्छुक तालिम प्रदायकहरु (व्यक्ती, फर्म, कम्पनी वा संस्था) बाट सार्वजनिक खरिद ऐन,२०६३ को दफा ३० बमोजिम आशयपत्र माग गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० औं दिनको कार्यालय समय भित्र यस कार्यालयमा तोकिएको रीतपूर्वकको आशयपत्र फाराम सिलबन्दी दर्ता गर्न सकिनेछ र अन्तिम दिन विदा परेमा सोको लगतै कार्यालय खुलेको दिन १२:०० वजे भित्र आशयपत्र दर्ता गर्न सकिनेछ । आशयपत्रको विस्तृत सूचना र शर्त यस कार्यालयको स्थलगत अवलोकन गरी हेर्न सकिनेछ । आशयपत्रको फाराम यस कार्यालयवाट प्राप्त गर्न सकिनेछ ।

१. प्रस्तावित तालिम कार्यक्रमको खर्च यस कार्यालयको वार्षिक वजेटबाट व्यहोरिनेछ ।

२. चालू आ.ब. २०७७/०७८ मा संचालन हुने तालिमहरु निम्नानुसार छन् :-

(क) दलित, अतिविपन्न समुदायका महिलाहरुको लागि आय आर्जन तथा जीविकोपार्जन सम्वन्धी तालिम: २० जना
(उद्यमशीलता ,रोजगारी मुलक / सशक्तिकरण / सीप विकास तथा क्षमता अभिवृद्धि तालिम)

(ख) महिलाहरुका लागि सीप विकास तालिम ३ महिने जिल्लास्तर : ४० जना
(उद्यमशीलता ,रोजगारी मुलक / सशक्तिकरण / सीप विकास तथा क्षमता अभिवृद्धि तालिम)

(ग) औपचारिक तथा अनौपचारिक क्षेत्रका महिला कामदारको सीप स्तरोन्नती : ४० जना
(उद्यमशीलता ,रोजगारी मुलक / सशक्तिकरण / सीप विकास तथा क्षमता अभिवृद्धि तालिम )

(घ) अपाङ्गता भएका व्यक्तिहरुलाई १ महिने सीपमूलक तालिम: २० जना
उल्लेखित तालिम कार्यक्रमका विषयहरु सरोकारवाला निकायसँगको छलफल तथा सहभागीको इच्छा आवश्यकता लाई मध्यनजर गर्दै पछि आर्थिक तथा प्राविधिक प्रस्ताव माग गर्ने समयमा जानकारी गराइने छ।

३. तालिम सञ्चालन गर्नुपर्ने स्थान :- लुम्विनी प्रदेश अन्तर्गतका कपिलवस्तु र अर्घाखाँची जिल्ला ।

४. इच्छुक आशयपत्रदाता व्यक्ति, फर्म, संस्था वा कम्पनीको योग्यता देहाय बमोजिम हुनुपर्नेछ :-

(क) फर्म, संस्था वा कम्पनी सम्बन्धित कार्य गर्ने गरी दर्ता र नवीकरण भएको ।

(ख) स्थायी लेखा नं. र मूल्य अभिवृद्धि करमा दर्ता भएको।

(ग) समान प्रकृतिको काममा कम्तीमा ३ (तीन) वर्ष देखि कार्य गरेको अनुभव भएको (ग) प्राविधिक क्षमता, आर्थिक

क्षमता, अनुभव र योग्यता सम्वन्धित विषयमा सीप परिक्षण तह १ तालिम दिलाउने कामको लागि ग्राह्य भएको ।

(घ) आशय पत्र पेश गर्ने व्यक्ति, फम, संस्था वा कम्पनीको उद्देश्यसंग सम्बन्धित तालिम संचालन गर्न मिल्ने हुनुपर्ने ।

(ङ) कुनै निकायबाट स्वीकृति लिई सञ्चालन गर्नुपर्ने तालिमको हकमा सो निकायबाट स्वीकृति लिएको ।

५. आशयपत्रदाताको योग्यता, अनुभव र क्षमताको लागि पेश गर्नुपर्ने विवरण र कागजात आशयपत्र फाराम तथा यसको अनुसूचीमा उल्लेख भए अनुसार हुनेछ ।

६. प्राप्त भएका आशयपत्र फाराममा उल्लेखित योग्यता, अनुभव र क्षमताको मुल्यांकन गरी यस कार्यालयले सम्बन्धित परामर्श सेवा दिन सक्ने योग्य आशयपत्रदाताहरुको छनौट गरी संक्षिप्त सूची तयार गर्नेछ । संक्षिप्त सूचीमा परेका व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट मात्र तालीम कार्यक्रम संचालनका लागि परामर्श सेवा प्राप्त गर्न प्राविधिक र आर्थिक प्रस्ताव माग गरिनेछ ।

७. अनुभव गणना गर्दा एउटै तालिम प्रदायक व्यक्ति,कम्पनी,संस्था वा फर्मको मात्र मान्यता दिइनेछ । एउटै व्यक्तिको फरक र फरक कम्पनी र संस्थाको अनुभव गणना गरिने छैन । तर संयुक्त उपक्रम (Joint Venture) को हकमा प्रचलित सार्वजनिक खरिद सम्बन्धी कानून बमोजिम मान्यता दिन सकिनेछ ।

८. कुनै एक संस्थाले बढीमा पांच (५) वटा तालिमका विषयहरुमा तालिम संचालन गर्न आशयपत्र पेश गर्न सक्नेछ ।

९. जिल्लागत सन्तुलनका लागि तालिमका कूल संख्याको आधारमा एक कम्पनी (तालीम प्रदायक) बाट तोकिएको संख्या र स्थानको मात्र तालिम दिने गरी प्राविधिक तथा आर्थिक प्रस्ताव माग गर्न सकिनेछ ।

१०. प्रस्तावित कार्यक्रम सम्पन्न गर्न लाग्ने समयावधि तालिमको अविधी अनुसार चालू आर्थिक वर्षसम्म रहनेछ ।

११. आशयपत्र फाराम प्रस्तुतकर्ता व्यक्ति, फर्म, कम्पनि वा संस्थाको यस कार्यालयबाट स्थलगत अवलोकन गर्न सकिनेछ ।

१२. आशयपत्र फाराम यस कार्यालयको कार्यक्रम शाखावाट प्राप्त गर्न सकिनेछ। आशयपत्रका लागि पत्र सहित संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नं./मू.अ.करमा दर्ता प्रमाण पत्रको प्रतिलिपि तथा आ.व.२०७६/०७७ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि अनिवार्य पेश गर्नुपर्नेछ ।

१३. आशयपत्रदाताहरुबाट पेश गरिने कागजातहरुको प्रतिलिपि नोटरी पब्लिकबाट प्रमाणित गरिएको हुनुपर्नेछ ।

१४. यो सूचना प्रकाशित मितिले ३० औं (तिसौं) दिनको कार्यालय समय भित्र **सामाजिक विकास डिभिजन कार्यालय, गजेहडा,कपिलवस्तुमा** आशयपत्र फाराम शिलबन्दी गरी दर्ता गर्नुपर्नेछ। अन्तिम मितिको दिन विदा परेमा सोको लगतै कार्यालय खुलेको दिन १२:०० वजेसम्म कार्यालयमा दर्ता गर्नुपर्नेछ।म्याद नाघी प्राप्त भएको वा रीत नपुगी प्राप्त आशय पत्र उपर कुनै कारवाही गरिने छैन ।

१५. आशयपत्र कुनै कारण जनाइ वा नजनाई छनौट र सूचिकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ ।

१६. यस सम्बन्धी थप जानकारीको लागि यस कार्यालयको योजना/अनुगमन शाखा वा फोन नं. ९८५७०५००१३ मा सम्पर्क गर्न सकिनेछ ।

१७. स्वीकृत वार्षिक कार्यक्रमहरुको तालिम संचालन गर्न चरणवद्ध रुपमा आर्थिक तथा प्राविधिक प्रस्ताव माग गर्न सकिनेछ ।

१८. आशयपत्र प्रस्ताव मूल्यांकनका आधारहरु आशयपत्र फारामको अनुसूचीमा उल्लेख भए बमोजिम हुनेछ ।

१९. यस सूचनामा उल्लेखित भए बाहेकका विषय एवं खरीद संझौता उल्लंघनका शर्त तथा उपचारका विधिहरु सम्बन्धमा प्रचलित सार्वजनिक खरिद सम्वन्धी ऐन र नियमावलीमा उल्लेख भएका प्रावधानहरु यस आशयपत्रमा स्वत समावेश भएको मानिनेछ ।

२०७६।८।१९

कार्यालय प्रमुख